
MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA



# समाचारपत्र

## एमसिए-नेपाल

अङ्क ९ (माघ - चैत २०८०)

## एमसिए-नेपालद्वारा १८ किमि सीमापार प्रसारण लाइन खण्डको बोलपत्र आव्हान

एमसिए-नेपालले १८ किलोमिटर लामो ४०० केभी क्षमताको नेपाल-भारत सीमापार प्रसारण लाइन खण्डको निर्माणलाई प्राथमिकता दिँदै खरिद कार्य अगाडि बढाउन बोलपत्र आव्हान गरेको छ । २०८० साल चैत १५ गते बोलपत्र आव्हान गरिएकोमा प्रस्ताव पेश गर्ने समयसीमा २०८१ साल जेठ ३ गते तोकिएको छ । प्रतिस्पर्द्धाबाट छानिने निर्माण व्यवसायीले उक्त प्रसारण लाइनको डिजाइन, आपूर्ति, जडान, परीक्षण र सञ्चालनको काम गर्नेछ ।

एमसिए-नेपाल सञ्चालक समितिको २०८० साल फागुन २१ गते बसेको ४०औं बैठकले विद्युत् प्रसारण आयोजना अन्तर्गत निर्माण गर्न लागिएको ३१५ किमि लामो प्रसारण लाइन सञ्जालबाट १८ किमि लामो बुटवल - गोरखपुर विद्युत् प्रसारण लाइन खण्डलाई छुट्याएर प्राथमिकताका साथ अगाडि बढाउने निर्णय गरेको थियो । यस सीमापार खण्डसम्बन्धी कामलाई तीव्रता प्रदान गर्दा नेपाल र भारतबीचको सीमापार ऊर्जा व्यापार सम्झौता अन्तर्गतको दायित्व निर्वाह गर्न सहयोग पुग्ने ठहर सञ्चालक समितिले गरेको छ ।

"नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणका लागि यस खण्डको गम्भीरतापूर्ण महत्वलाई दृष्टिगत गर्दै एमसिए-नेपाल सञ्चालक समितिले उक्त ठहर गरेको हो । यस खण्डलाई वृहत् प्रसारण लाइन सञ्जालबाट छुट्याउँदा खरिद प्रक्रिया छिटो सम्पन्न गर्न सकिने र भारतमा निर्माणाधीन प्रसारण लाइनसँग जोड्नका लागि यसको निर्माण २०८३ साल जेठभित्रै सम्पन्न हुने सुनिश्चित गर्नेछ", एमसिए-नेपाल सञ्चालक समिति सदस्य एवं ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सह-सचिव तथा प्रवक्ता श्री नविन राज सिंहले भन्नुभयो ।

यो सीमापार प्रसारण लाइन विद्युत् प्रसारण आयोजनाको महत्वपूर्ण अंश हो र यसले नेपालको आवश्यकता पुरा गर्न सीमापार विद्युत् व्यापारलाई सहजीकरण गर्नेछ । नयाँ बुटवल - गोरखपुर सीमापार प्रसारण लाइन निर्माण कार्यको व्यवस्थापन गर्ने वित्तीय तथा स्वामित्व संरचनासम्बन्धमा नेपाल सरकार तथा भारत सरकारबीच २०७६ साल असोजमा सहमति भएको थियो ।

बाँकी २९७ किमि प्रसारण लाइनको निर्माण निर्धारित समयावधिभित्रै सम्पन्न गर्न डिजाइन-बिल्ड निर्माण कम्पनीहरूको सेवा खरिदका लागि एमसिए-नेपालले काम अगाडि बढाइरहेको छ ।

### विषय सूची


- खरिद क्रियाकलाप २
- विद्युत् प्रसारण आयोजना ३
- जीविकोपार्जन पुनःस्थापना कार्यक्रम - रातमाटे ६
- सडक मर्मत आयोजना ७
- सामुदायिक आवाज ८


**अद्यावधिक जानकारीका लागि**

**एमसिए-नेपाल सम्पूर्ण पाठक वृन्दमा नयाँ वर्ष २०८१ को हार्दिक शुभकामना व्यक्त गर्दछ !**

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

# खरिद क्रियाकलाप

## सडक मर्मत आयोजनाका लागि सम्भाव्य बोलपत्रदातासँग छलफल




*एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट सडक मर्मत आयोजनासम्बन्धी आगामी खरिदबारे सम्भाव्य बोलपत्रदाताहरूलाई जानकारी प्रदान गर्न काठमाडौँमा २०८० साल चैत १४ गते आयोजित छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।*



एमसिए-नेपालले २०८० साल चैत १४ गते सडक मर्मत आयोजनासम्बन्धी आगामी खरिदबारे सम्भाव्य बोलपत्रदाताहरूलाई जानकारी प्रदान गर्न काठमाडौँमा छलफल कार्यक्रम आयोजना गरेको छ ।

सडक मर्मत आयोजना अन्तर्गत 'फूल डेप्थ रिक्लेमेसन' (एफडीआर) सम्बन्धी खरिद प्रक्रियालाई अगाडि बढाउनुपूर्व सम्भाव्य बोलपत्रदाताहरूलाई आवश्यक जानकारी प्रदान गर्ने उद्देश्यले उक्त छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

छलफल कार्यक्रममा एमसिए-नेपालले गर्ने खरिदका उद्देश्यहरू, समयसीमा, खरिद प्रक्रियाहरू, सिद्धान्त र मार्गनिर्देशनबारे सम्भाव्य बोलपत्रदाताहरूलाई जानकारी गराइएको थियो । उक्त कार्यक्रममा विभिन्न कम्पनीका ८९ जना प्रतिनिधिको सहभागिता थियो । एमसिए-नेपालले यस्तै छलफल कार्यक्रम २०८१ साल वैशाख ३ गते भारतको नयाँ दिल्लीमा आयोजना गर्नेछ ।

एफडीआरसम्बन्धी खरिदका लागि २०८१ साल असारमा बोलपत्र आव्हान गरिँदैछ ।

## तीनवटा सबस्टेशन निर्माणका लागि प्राप्त आर्थिक प्रस्ताव खोलियो

एमसिए-नेपालले तीनवटा सबस्टेशन निर्माणका लागि प्राविधिक रूपमा योग्य छवटा बोलपत्रदाताबाट प्राप्त आर्थिक प्रस्ताव २०८० साल फागुन १४ गते खोलेको छ । तोकिएको समयसीमाभित्र सातवटा बोलपत्र प्राप्त भएकोमा प्राविधिक रूपमा योग्य केईसी इण्टरनेशनल लिमिटेड, लिड्सन इण्डिया प्राइभेट लिमिटेड, नेशनल कण्ट्राक्टिङ कम्पनी लिमिटेड, साइमेन्स लिमिटेड, टाटा प्रोजेक्ट्स लिमिटेड र टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडबाट प्राप्त आर्थिक प्रस्ताव खोलिएको हो ।

तीनवटा सबस्टेशनको प्लाण्ट डिजाइन, आपूर्ति, जडान, परीक्षण र सञ्चालन कार्यलाई तीनवटा लटमा विभाजन गरिएको छ। ४०० केभी क्षमताको रातमाटे सबस्टेशन र लप्सीफेदी सबस्टेशन र नयाँ हेटौँडा सबस्टेशनका केही काम पहिलो लटमा, ४०० केभी क्षमताको नयाँ बुटवल सबस्टेशन दोस्रो लटमा र ४०० केभी क्षमताको नयाँ दमौली सबस्टेशनलाई तेस्रो लटमा राखिएको छ ।



*तीनवटा सबस्टेशन निर्माणका लागि प्राविधिक रूपमा योग्य छवटा बोलपत्रदाताबाट प्राप्त आर्थिक प्रस्ताव २०८० साल फागुन १४ गते खोलिँदै ।*

आर्थिक प्रस्ताव खोल्नु अघि २०८० साल कात्तिक २ गते प्राविधिक प्रस्ताव खोलिएको थियो ।

## परिस्कृत विद्युत् उपयोगसम्बन्धी परामर्श सेवा खरिदसम्बन्धी बोलपत्र खोलियो

एमसिए-नेपालले एमसिए साझेदारी कार्यक्रम अन्तर्गत एउटा विषयगत क्षेत्र कार्यान्वयनका लागि परामर्श सेवा खरिदसम्बन्धी प्राप्त बोलपत्र २०८० साल फागुन ४ गते खोलेको छ ।

राष्ट्रिय एवं अन्तरराष्ट्रिय गरी कुल आठ बोलपत्रदाताबाट प्राप्त प्रस्तावहरू उहाँहरूका प्रतिनिधिहरूको उपस्थितिमा खोलिएको थियो ।

बोलपत्र खोल्नुपूर्व २०८० साल पुस १७ गते काठमाडौँमा सम्भाव्य बोलपत्रदाताहरूसँग प्रस्तावपूर्वको छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त छलफलमा एमसिए-नेपालले गर्ने खरिदसँग सम्बन्धित आवश्यक सूचना र कार्यादिश सम्भाव्य बोलपत्रदातालाई उपलब्ध गराइएको थियो ।

एमसिए साझेदारी कार्यक्रम विद्युत् प्रसारण आयोजना अन्तर्गतको उप-क्रियाकलाप हो । परिस्कृत विद्युत् उपयोगका लागि क्षमता अभिवृद्धिसम्बन्धी उप-क्रियाकलापले विद्युत् प्रसारण आयोजनाका लाभ प्रभावित समुदायमा वितरण गरी आयोजना कार्यान्वयनमा सहजीकरण गर्नेछ ।

# विद्युत् प्रसारण आयोजना

## प्रसारण लाइन निर्माणका लागि जग्गा प्राप्ति

एमसिए-नेपालले काठमाडौँबाहेक विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने नौ जिल्लामा प्रसारण टावरको जग निर्माणका लागि आवश्यक जग्गा प्राप्तिमा उल्लेखनीय प्रगति गरेको छ ।

नौवटै जिल्लामा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को व्यवस्था अनुसार प्राप्ति गरिने जग्गाको पूर्ण विवरणसहितको सार्वजनिक सूचना प्रकाशन भइसकेको छ ।

एमसिए-नेपालले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित मुआब्जा निर्धारण समितिको बैठकमा प्रारम्भिक कारबाहीको प्रतिवेदन पेश गरेसँगै उक्त सूचना प्रकाशन भएको हो ।

उक्त सूचना प्रकाशन भएपश्चात् मुआब्जा सिफारिस उप-समितिले प्राप्ति गरिने जग्गाको मुआब्जा सिफारिस गर्नका लागि प्राविधिक प्रतिवेदन तयार गर्न स्थलगत कार्यहरू गरिरहेको छ ।

### *मुआब्जा निर्धारण समय तालिकाबारे छलफल*

एमसिए-नेपालले २०८० साल फागुन ३० गते पाल्पा जिल्लामा जग्गा प्राप्ति प्रक्रियालाई शीघ्र अगाडि बढाउन मुआब्जा निर्धारण समितिको बैठक आयोजना गरेको छ ।

उक्त बैठकमा एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले मुआब्जा निर्धारण समितिका सदस्यहरू र जिल्लास्थित अन्य सरोकारवालाको उपस्थितिमा मुआब्जा निर्धारण तालिकाबारे छलफल गर्नुभएको थियो ।

यसैगरी कार्यकारी निर्देशक विष्टले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका मुआब्जा निर्धारण समितिका संयोजकहरूसँग ती जिल्लामा जग्गा प्राप्ति प्रक्रिया र जग्गा प्राप्तिको समय तालिकाबारे छलफल गर्नुभएको छ ।



*पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री आनन्द काफ्ले २०८० साल फागुन ३० गते पाल्पा जिल्लामा आयोजना गरिएको मुआब्जा निर्धारण समितिको बैठकको अध्यक्षता गर्नुहुँदै ।*



*एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट २०८० साल फागुन ३० गते पाल्पा जिल्लामा आयोजना गरिएको बैठकमा मुआब्जा निर्धारण समितिका सदस्य तथा जिल्लास्तरीय सरोकारवालाहरूसँग जग्गा प्राप्तिबारे छलफल गर्नुहुँदै ।*

### *मुआब्जा सिफारिस उप-समितिहरूद्वारा स्थलगत अवलोकन सम्पन्न*

एमसिए-नेपालले विद्युत् प्रसारण टावरहरूको जग निर्माणका लागि प्राप्ति गर्ने जग्गाको मुआब्जा सिफारिस गर्न काठमाडौँ बाहेक नौ जिल्लामा गठित उप-समितिहरूले स्थलगत अवलोकन भ्रमण २०८० साल चैतभित्र सम्पन्न गरेका छन् ।

नौ जिल्लामध्ये सातवटा जिल्लामा सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीहरू र नुवाकोट र पाल्पा जिल्लामा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृतहरूको नेतृत्वमा रहेका उप-समितिहरूले स्थलगत अवलोकन भ्रमण सम्पन्न गरेका हुन् ।

एमसिए-नेपालले संयोजन गरेको ती भ्रमणहरूमा सम्बन्धित सरकारी निकायका प्रतिनिधिहरू र निर्वाचित स्थानीय जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



*मुआब्जा सिफारिस गर्न गठित उप-समितिका सदस्यहरू प्राप्ति गरिने जग्गाको प्रमाणीकरणका लागि सिन्धुपाल्चोक जिल्लामा स्थलगत भ्रमण गर्नुहुँदै ।*

# रुख गणना

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने जिल्लाहरूमा रुख गणनासम्बन्धी कार्यलाई शीघ्रतापूर्वक अगाडि बढाइरहेको छ। रुख गणना कार्य प्रारम्भ गर्नु अघि सामुदायिक वन उपभोक्ता समूहहरू र कबुलियती वन उपभोक्ता समूहहरूसँग वृहत् छलफल कार्यक्रम आयोजना गरिएको छ।

## सात जिल्लामा रुख गणना सम्पन्न

एमसिए-नेपालले २०८० साल चैतसम्ममा चितवन, धादिङ, मकवानपुर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा र तनहुँ गरी सात जिल्लामा रुख गणना कार्य सम्पन्न गरेको छ।

वन क्षेत्रको विवरण अभिलेखीकरण गर्नुका साथै विद्युत् प्रसारण आयोजनाबाट प्रभावित सामुदायिक, कबुलियती तथा सरकारी वनका काट्नुपर्ने रुखको सङ्ख्या निर्धारण गर्ने उद्देश्यले यो कार्य गरिएको हो। सङ्कलित तथ्याङ्कका आधारमा एमसिए-नेपालले प्रभाव न्यूनीकरणका लागि उपयुक्त उपायहरू पहिल्याउनेछ।

विद्युत् प्रसारण आयोजना सञ्चालन गरिने सम्पूर्ण जिल्लामा रुख गणना गरिनेछ।



*नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा रुख गणना गरिँदै।*

## धादिङमा सामुदायिक वन उभोक्तासँग थप छलफल

एमसिए-नेपालले २०८० साल माघ १४ गतेदेखि १६ गतेसम्म धादिङ जिल्लाका आठवटा सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरूसँग थप परामर्श कार्यक्रम आयोजना गरेको छ। रुख गणना र स्थलगत प्रमाणीकरण टोलीले पहिचान गरेको आवश्यकताका आधारमा ती परामर्श कार्यक्रम आयोजना गरिएको थियो।

भस्मे लामापोखरी सामुदायिक वन उपभोक्ता समूह, सतीदेवी सामुदायिक वन उपभोक्ता समूह, झार्लाङ्ग सामुदायिक वन उपभोक्ता समूह, जुरेथम सामुदायिक वन उपभोक्ता समूह, बाह्रभुमे सामुदायिक वन उपभोक्ता समूह, एकता सामुदायिक वन उपभोक्ता समूह, सुलीखोला सामुदायिक वन उपभोक्ता समूह र भस्मे पाखा सामुदायिक वन उपभोक्ता समूहले उक्त परामर्श कार्यक्रममा सहभागिता जनाएका थिए।



*धादिङ जिल्लाको थाक्रे गाउँपालिकामा सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरूसँग थप परामर्श कार्यक्रम आयोजना गरिँदै।*




*धादिङ जिल्लाको सिद्धलेक गाउँपालिकामा सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरूसँग थप परामर्श कार्यक्रम आयोजना गरिँदै।*

# पुनर्वास कार्ययोजना तयारीका लागि सर्वेक्षण सम्पन्न

एमसिए-नेपालले सञ्चालक समितिले स्वीकृत गरेको पुनर्वास नीति संरचनाको व्यवस्था अनुसार तनहुँ जिल्लामा विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने घरधुरीको सामाजिक-सांस्कृतिक, जनसाङ्ख्यिक र आर्थिक तथ्याङ्क र आयोजनाबाट हुने क्षतिको विवरण सङ्कलनका लागि सर्वेक्षण कार्य २०८० साल फागुन महिनामा सम्पन्न गरेको छ ।

यस्ता सर्वेक्षण विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने नौ जिल्लामा सञ्चालन गरिएको छ । यी सर्वेक्षण एमसिए-नेपालको पुनर्वास कार्ययोजनाको अभिन्न अङ्ग हुन् ।



*आयोजनाबाट प्रभावित हुने परिवारहरूको सामाजिक सांस्कृतिक, जनसाङ्ख्यिक तथा आर्थिक जानकारी प्राप्त गर्नका लागि तनहुँ जिल्लामा घरधुरी सर्वेक्षण गरिँदै ।*

# महिलाहरूको चासो सम्बोधनका लागि परामर्श कार्यक्रम



*धादिङ जिल्लामा आमा समूहहरू तथा सामुदायिक उपभोक्ता समूहहरूका सदस्यहरूसँग सामूहिक छलफल सञ्चालन गरिँदै ।*

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने धादिङ, नुवाकोट र तनहुँ जिल्लाका विभिन्न नगरपालिका र गाउँपालिकाका आमा समूह र सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरूसँग २०८० साल माघ महिनामा सामूहिक छलफल कार्यक्रमहरू आयोजना गरेको छ ।

जग्गा प्राप्तिका सन्दर्भमा विभिन्न समुदायबाट प्रतिनिधित्व गर्ने महिलाहरूको चासो सम्बोधनका लागि एमसिए-नेपालले ती छलफल कार्यक्रम आयोजना गरेको थियो ।

यस्ता सामूहिक छलफल कार्यक्रम सिन्धुपाल्चोक, मकवानपुर, चितवन, पाल्पा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा यस अघि नै सम्पन्न भइसकेको छ ।

एमसिए-नेपालको पुनर्वास कार्ययोजनाबाट महिलाहरूमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितताका लागि यी परामर्श कार्यक्रम आयोजना गरिएको हो ।

# रातमाटेमा तारबार निर्माण सम्पन्न

एमसिए-नेपालले रातमाटे सबस्टेशन निर्माणस्थल बेलकोटगढी नुवाकोटमा प्राप्ति गरिएको २०.२७ हेक्टर जग्गामा तारबार निर्माण सम्पन्न गरेको छ । नवनिर्मित तारबारले एमसिए-नेपालले सबस्टेशन निर्माणका लागि प्राप्ति गरेको जग्गाको सीमा छुट्याउनुका साथै भविष्यमा छनोट हुने निर्माण व्यवसायीलाई सहज रूपमा कार्यसम्पादन गर्न सहयोग पुऱ्याउनेछ ।

एमसिए-नेपालले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम क्षतिपूर्ति भुक्तानी गरी १०४ घरधुरीबाट उक्त जग्गा प्राप्ति गरेको थियो ।

विद्युत् प्रसारण आयोजना अन्तर्गत निर्माण गरिने ४०० केभीका तीनवटा सबस्टेशनमध्ये रातमाटे सबस्टेशन पनि एक हो ।



*नुवाकोटको बेलकोटगढीस्थित रातमाटे सबस्टेशन निर्माणस्थलको २०.२७ हेक्टर जग्गामा निर्माण सम्पन्न गरिएको तारबार ।*

# जीविकोपार्जन पुनःस्थापना कार्यक्रम

## तालिमप्राप्त आयोजना प्रभावितहरू साना व्यवसाय सुरु गर्दै

रातमाटे सबस्टेशन निर्माणस्थलमा सञ्चालित दुई वर्षे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सम्पन्नताको नजिक पुगेको छ । जीविकोपार्जन पुनःस्थापना कार्यक्रमबाट बेलकोटगढी नगरपालिका नुवाकोटका करिब २७० जना आयोजना प्रभावितहरू लाभान्वित भएका छन् ।

अन्तरराष्ट्रिय मापदण्ड अनुरूप तयार गरिएको पुनर्वास कार्ययोजनाको अभिन्न अङ्गका रूपमा रहेको यस कार्यक्रमले आयोजना निर्माणस्थलबाट भौतिक तथा आर्थिक रूपमा विस्थापित स्थानीय वासिन्दाहरूको जीविकोपार्जनमा सुधार सुनिश्चित गर्दछ ।

आयोजना प्रभावित कुल १०६ जना व्यक्तिहरू (४४ पुरुष र ६२ महिला) लाई कृषिसम्बन्धी सीपमूलक तालिम प्रदान गरिएको थियो । उनीहरूलाई व्यावसायिक कृषि खेती, बाख्रापालन र व्यवस्थापन, कुखुरापालन र व्यवस्थापन र धान खेती गरी चार किसिमका कृषि सुधार तालिम प्रदान गरिएको थियो । यसैगरी १६३ जना आयोजना प्रभावित (७७ पुरुष र ८६ महिला) लाई १८ किसिमका व्यावसायिक सीपमूलक तालिम प्रदान गरिएको थियो । उक्त सीपमूलक तालिममा कम्प्युटर सञ्चालन, एग्रोभेट व्यवस्थापन, सवारी साधन मर्मत, ब्युटिसिएन, इलेक्ट्रिसिएन, बारिष्टा, पाककला, ढाका बुनाइ, पुतली बनाउने, सवारीचालक, मासु पसल सञ्चालन र व्यवस्थापन, हेभी इक्विपमेण्ट सञ्चालन, प्लम्बिङ, खाजा पकाउने, सिलाइ कटाइ, आधारभूत फोटोग्राफी, प्रस्ताव लेखन र वेब डिजाइनिङ तालिम प्रदान गरिएको थियो ।



*जीविकोपार्जन पुनःस्थापना कार्यक्रमबाट प्रशिक्षित भएपछि आफ्नै कुखुरापालन व्यवसाय सञ्चालन गरिरहनुभएकी श्रीमती उर्मिला राई आफ्ना चल्लाहरूको स्याहारसुसार गर्नुहुँदै ।*

तालिमका साथसाथै कृषिमा आधारित तालिमका सहभागीलाई सम्बन्धित विषयको थप सहयोग र व्यावसायिक सीपमूलक तालिमका सहभागीलाई सुरुवाती व्यवसाय सञ्चालनका लागि सहयोग उपलब्ध गराइएको थियो ।

उक्त कार्यक्रमले सहकारी स्थापनाका लागि पनि सहयोग गरेको थियो । यसका लागि ७२ जना आयोजना प्रभावित व्यक्तिहरू (४० पुरुष र ३२ महिला) लाई विभिन्न तालिम प्रदान गरिएको थियो ।

यसका साथै, आयोजना प्रभावित व्यक्तिहरू व्यावसायिक योजना निर्माण, वित्तीय साक्षरता, प्रौढ साक्षरता र लैङ्गिक र सामाजिक समावेशिता र अन्य जीवन उपयोगी शिक्षाबाट पनि लाभान्वित भएका छन् ।

एमसिए-नेपालले प्रदान गरेको सीपमूलक र ज्ञानवर्द्धक तालिम प्राप्त गरेपछि आयोजना प्रभावित १२ जनाले विभिन्न व्यवसाय सञ्चालन गरिरहेका छन् । उहाँहरूले साना खालका रेस्टुरेण्ट, एग्रोभेट पसल, मासु पसल, प्लम्बिङ र काठसम्बन्धी कामहरू र ढाका कपडा बुनाइ तथा पुतली र कुसन उत्पादनका कामहरू गरिरहनुभएको छ ।



*जीविकोपार्जन पुनःस्थापना कार्यक्रमबाट प्रशिक्षित भएपछि आफ्नै व्यवसाय सञ्चालन गर्नुभएकी श्रीमती ममता राई आफूले उत्पादन गरेका पुतली बिक्री गर्नुहुँदै ।*



*जीविकोपार्जन पुनःस्थापना कार्यक्रमबाट प्रशिक्षित भएपछि आफ्नै ब्यूटी पार्लर सञ्चालन गर्नुभएकी श्रीमती पम्फा राई आफ्ना ग्राहकलाई सेवा प्रदान गर्नुहुँदै ।*

# लैङ्गिक र सामाजिक समावेशीकरणसम्बन्धी असल अभ्यासबारे छलफल

एमसिए-नेपालले लैङ्गिक र सामाजिक समावेशीकरणलाई मूलधारमा ल्याउन उक्त विषयसम्बन्धी असल अभ्यासहरूबारे रातमाटे जीविकोपार्जन कार्यक्रम कार्यान्वयनस्थलमा २०८० साल माघ १७ गते छलफल कार्यक्रम आयोजना गरेको छ ।

उक्त कार्यक्रममा बेलकोटगढी नगपालिकाका नगरप्रमुख जगतबहादुर गुरुङले नगरपालिकाभित्र समान अधिकार प्रवर्द्धनका लागि काम गर्ने प्रतिवद्धता व्यक्त गर्दै भन्नुभयो, "जीविकोपार्जन कार्यक्रमले अवलम्बन गरेको समावेशी शैली आयोजनाबाट प्रभावित हुने सम्पूर्ण बस्तीमा अनुसरण गरिनुपर्दछ ।"

बेलकोटगढी नगरपालिकाको महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा प्रमुख बिन्दिया राजभण्डारीले रातमाटेका आयोजना प्रभावित स्थानीय वासिन्दाको सशक्तीकरणका लागि एमसिए-नेपालबाट आफ्नो परामर्शदाता सप्रोस नेपालमार्फत सराहनीय प्रयासहरू भएकोमा बधाइ ज्ञापन गर्नुभयो । "बेलकोटगढी नगरपालिकामा बालबालिका, महिला र ज्येष्ठ नागरिकको अधिकार स्थापित गर्न कार्यरत संस्थाहरूसँग सहकार्यका लागि हामी तयार छौं," शाखा प्रमुख राजभण्डारीले भन्नुभयो ।

उक्त कार्यक्रममा आयोजना प्रभावित व्यक्तिहरूलाई आफ्नो सफलताका कथा प्रस्तुत गर्ने अवसर प्रदान गरिएको थियो ।



*लैङ्गिक र सामाजिक समावेशीकरणसम्बन्धी असल अभ्यासबारे रातमाटे जीविकोपार्जन कार्यक्रम कार्यान्वयनस्थलमा २०८० साल माघ १७ गते आयोजना गरिएको छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बेलकोटगढी नगरपालिकाका नगरप्रमुख श्री जगतबहादुर गुरुङ ।*

उक्त कार्यक्रममा नगरपालिकाका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरकार्यपालिकाका सदस्य र वडाका प्रतिनिधिहरू समेत गरी कुल ६६ जनाको सहभागिता थियो ।



*लैङ्गिक र सामाजिक समावेशीकरणसम्बन्धी असल अभ्यासबारे रातमाटे जीविकोपार्जन कार्यक्रम कार्यान्वयनस्थलमा २०८० साल माघ १७ गते आयोजना गरिएको छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बेलकोटगढी नगरपालिकाको महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा प्रमुख श्रीमती बिन्दिया राजभण्डारी ।*

# सडक मर्मत आयोजना

## दाङमा पुनर्वास कार्ययोजना सार्वजनिक

एमसिए-नेपालले सडक मर्मत आयोजना अन्तर्गत तयार पारिएको पुनर्वास कार्ययोजना २०८० साल माघ २७ र २८ गते दाङ जिल्लामा जिल्ला र स्थानीयस्तरमा सार्वजनिक गरेको छ ।

दाङका प्रमुख जिल्ला अधिकारी श्री रामबन्धु सुवेदीको उपस्थितिमा जिल्लास्तरीय सार्वजनिकीकरण कार्यक्रम आयोजना गरिएको थियो भने गढवा गाउँपालिका र लमही नगरपालिकामा आयोजना गरिएका कार्यक्रमहरूमा सम्बन्धित पालिकाका निर्वाचित जनप्रतिनिधिहरूको उपस्थिति थियो ।

उक्त कार्यक्रममार्फत सडक मर्मत आयोजना कार्यान्वयनका क्रममा प्रभावित हुने संरचनाका लागि जग्गा प्राप्ति ऐन, २०३४ को प्रावधान अनुसार प्रदान गरिने क्षतिपूर्तिको विषयमा जानकारी गराइएको थियो । अन्तरराष्ट्रिय मापदण्ड अनुसार तयार गरिएको उक्त कार्ययोजनाले भौतिक र आर्थिक रूपमा विस्थापित मानिसहरूको जीवनस्तर सुधार सुनिश्चित गर्छ ।



*सडक मर्मत आयोजना अन्तर्गत तयार पारिएको पुनर्वास कार्ययोजना २०८० साल माघ २७ गते दाङ जिल्लाको गढवा गाउँपालिकामा सार्वजनिक गरिँदै ।*

एमसिए-नेपालले पूर्व-पश्चिम राजमार्गको दाङ जिल्लामा पर्ने धानखोलादेखि लमहीसम्मको ४० किलोमिटर सडक खण्ड आधुनिक, वातावरणमैत्री र कम खर्चिलो सडक प्रविधिको प्रयोग गरी सडक मर्मतसम्भारको कार्य गर्दैछ ।

# सामुदायिक आवाज

## वास्तविकतामा रूपान्तरित कमलका सपना

आफ्नी श्रीमती र दुई छोरासँग ४४ वर्षीय कमलबहादुर सारु मगर नुवाकोटको रातमाटेमा बसोबास गर्दै आउनुभएको छ । सानै उमेरबाट कमाइको बाटो रोज्नुभएका उहाँले आफ्नो युवा उमेरमा नै आर्थिक कठिनाइको सामना गर्नुपर्‍यो । कमल केही वर्ष अघि रेस्टुरेण्टमा काम गर्न भारत पुग्नुभएको थियो । भारतमा १० वर्ष कडा परिश्रम गरेपछि उहाँ आफैँले रेस्टुरेण्ट व्यवसाय सुरु गर्ने अठोटका साथ नेपाल फर्कनुभयो । आफूले सिकेका कुरा र अनुभवको उपयोग गर्दै कमलले नुवाकोट जिल्लाको महादेवफाँटमा सानो फास्टफुड रेस्टुरेण्ट सुरु गर्नुभयो । त्यसबाट उहाँले मासिक १० हजार रुपैयाँ आर्जन गर्न थाल्नुभयो । सानो रेस्टुरेण्ट व्यवसायका अतिरिक्त जीविकोपार्जनका लागि कमलको परिवारले आफ्नो जग्गामा सीमित तरकारी र फलफूल खेतीलाई पनि अगाडि बढाउँदै थियो ।

एमसिए-नेपालले नुवाकोट जिल्लामा निर्माण गर्ने विद्युत् सबस्टेशन निर्माणस्थलमा कमलको जग्गा पनि पर्‍यो । त्यसबाट उहाँको जीवनमा सकारात्मक परिवर्तन आएको छ । कमल आफ्नो आम्दानीदेखि सन्तुष्ट हुनुहुन्थ्यो र सधैं व्यवसाय विस्तार गर्ने सोच बनाइरहनुहुन्थ्यो । व्यवसाय विस्तारको चाहना भए पनि अगाडि बढ्नका लागि निश्चित योजना र लगानी भने उहाँसँग थिएन । सबस्टेशन निर्माणका लागि प्राप्ति गरेको उहाँको जग्गाको क्षतिपूर्ति प्रदान गरी एमसिए-नेपालले कमल जस्तै आयोजना प्रभावितका लागि जीविकोपार्जन पुनःस्थापना कार्यक्रम कार्यान्वयन गर्न थालेपछि भने उहाँको सपना वास्तविकतामा परिणत हुने वातावरण बन्यो ।

पैतृक सम्पत्ति छोड्ने निर्णय सजिलो पक्कै थिएन तर जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था अनुसार प्रदान गरिएको मुआब्जाबाट कमल र उहाँको परिवारलाई आफ्नो सानो व्यवसाय विस्तार गर्ने ढोका भने त्यसैबाट खुल्यो । मुआब्जाबाट प्राप्त पैसाले कमलले महादेवफाँटमा नै जग्गा समेत किन्नुभएको छ । त्यहाँ भविष्यमा घर बनाउने उहाँको सोच छ ।

एमसिए-नेपालले जग्गा प्राप्ति प्रक्रिया सम्पन्न गरेसँगै भौतिक र आर्थिक रूपमा विस्थापित आयोजना प्रभावितको जीवनस्तर र आयस्रोत पुनःस्थापनाका लागि जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सञ्चालन गरेको थियो । जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत एमसिए-नेपालले प्रदान गर्ने जीवनस्तर सुधारसम्बन्धी तालिमका कार्यक्रमहरूमा आयोजना प्रभावितहरूको प्राथमिकता यकिन गर्न र उक्त कार्यक्रमको लक्ष्य हासिल गर्न घरधुरी सर्वेक्षण गरिएको थियो ।

उक्त घरधुरी सर्वेक्षणका क्रममा कमलले मिठाइ र खाजा बनाउने तालिम लिन आफू इच्छुक रहेको उल्लेख गर्नुभयो र उहाँ त्यसैमा आबद्ध हुनुभयो । दुई महिना लामो तालिममा उहाँले पाककलासम्बन्धी सीप सिक्नुभयो भने त्यसैका आधारमा आफ्नो रेस्टुरेण्टको मेनु पनि विस्तार गर्नुभयो । तालिम लिनु अघि उहाँको



रेस्टुरेण्टमा दैनिक तीन/चार किसिमका खानेकुरा मात्रै पाक्थ्यो । तालिम लिएपछि उहाँले आफ्नो मेनुमा स्थानीयस्तरमा लोकप्रिय रहेका समोसा, चाउमिन, मोमो र थुक्पा जस्ता खानेकुरा पनि थप्नुभयो । उहाँले चाडपर्व र समयानुसारका नयाँ नयाँ खानेकुरा पनि थप्न थाल्नुभयो ।

उहाँकी श्रीमती पनि उहाँको व्यवसायमा सहयोग गर्नुहुन्छ । उहाँ पनि बाखापालन र व्यवस्थापनसम्बन्धी तालिममा सहभागी हुनुभएको थियो । तालिमपश्चात् उहाँलाई बाखापालन व्यवसाय सञ्चालनका लागि दुईवटा पाठा/पाठी पनि उपलब्ध गराइएको थियो ।



अहिले कमल र उहाँकी श्रीमती आफ्नो घर बनाउने सपना साकार पार्न आम्दानी बचत गर्न थाल्नुभएको छ ।

कमल खुशीका साथ भन्नुहुन्छ, “मलाई सीप प्रदान गर्ने जीविकोपार्जन पुनःस्थापना कार्यक्रमलाई धन्यवाद भन्न चाहन्छु । उक्त कार्यक्रमले उपलब्ध गराएको तालिमका कारण नै मेरो व्यवसाय विस्तार भइरहेको छ । अहिले म मासिक २० हजार रुपैयाँभन्दा धेरै नाफा कमाइरहेको छु । मलाई विश्वास छ, आगामी दिनमा यो अझै विस्तार हुनेछ ।” यो नाफा कमल तालिममा सहभागी हुनुपूर्वको तुलनामा दोब्बर हो ।

कमल जस्तै आयोजना प्रभावित करिब २७० जना जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको सहयोगबाट लाभान्वित भइरहनुभएको छ ।


**सम्पर्कका लागि**

**मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

लालदरबार सम्मेलन केन्द्र, याक एण्ड यति परिसर, दरबार मार्ग, काठमाडौं, नेपाल

+९७७-१-४५४०९५१ | info@mcanp.org | www.mcanp.org


*विद्युत् तथा सडकमा सहज पहुँचमार्फत आर्थिक विकास*